## अध्याय चार

# सरकारी नीति योजनामा रेडियो नेपाल

**देवराज हुमागाईं**

राष्ट्रका हरेक क्षेत्र वा अङ्गहरू राज्यद्वारा तर्जुमा गरिएका ऐन, नीति, नियम र योजनाद्वारा निर्देशित हुन्छन् । नेपालको सञ्चार क्षेत्रलाई पनि यी कुराले समयानुकूल परिमार्जित र परिस्कृत बनाउँदै लगेको पाइन्छ । नेपालमा औपचारिक तवरबाट २००७ सालमा नै रेडियो नेपालको स्थापना भएको हो । रेडियो नेपालको स्थापना भएदेखि २०६० सालसम्म आइपुग्दा यसले आधा शताब्दीभन्दा बढीको यात्रा तय गरिसकेको छ । यस बीचमा रेडियो नेपालको प्रसारण कुन समयमा के कस्ता ऐन, नीति र कार्यक्रमद्वारा निर्देशित भयो, तथा रेडियो प्रसारणमा तीनको के कस्तो महत्त्व रह्यो भन्नेबारे यस लेखमा चर्चा गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा रेडियो नेपाल स्थापना भएपश्चात् २०६० सालसम्ममा यसको विकास र विस्तारका निमित्त सरकारी तवरबाट भएका नीतिगत पहलहरू केलाउनु यो लेखको उद्देश्य हो । तसर्थ रेडियो प्रसारणसम्बन्धी तर्जुमा गरिएका ऐन, नीति, नियमावली र योजनाहरूलाई अध्ययन गरी यसमा समेटिएको छ । पञ्चवर्षीय योजनामा रेडियो

नेपाललाई सरकारले के कस्तो रूपमा लिँदै आएको छ भन्ने कुरा हेर्न त्यसको समीक्षालाई पनि यहाँ स्थान दिइएको छ । साथै श्री ५ को सरकारद्वारा गठित विभिन्न आयोगहरूले रेडियो नेपालका सम्बन्धमा दिएका सुझाव प्रतिवेदनहरू पनि यसमा समाविष्ट छन् । तिनै नीति, ऐन, नियमावली, प्रतिवेदन र योजनाहरू तथा तीबारे पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित लेख, रचनाहरूको अध्ययन नै यो लेखको प्रमुख आधार हो । नीतिगत विकासक्रमलाई सजिलोसँग बुझ्नको लागि लेखलाई विभिन्न ४ ओटा खण्डमा विभाजन गरिएको छ । नीति निर्माणको सवालमा महत्त्वपूर्ण समयावधिलाई आधार मानेर यो विभाजन गरिएको हो ।

## २००७ देखि २०२८: गोरेटो बिनाको यात्रा

२००७ सालमा रेडियो नेपालको स्थापना भए पनि त्यसको पृष्ठभूमिमा कुनै निश्चित योजना, नीति तथा कार्यक्रम थिएन । २००७ सालको प्रजातान्त्रिक आन्दोलनका योद्धा तारिणीप्रसाद कोइराला र उनका केही सहयोगीका उत्साह र जोशले गर्दा यो सुरु भएको थियो । प्रजातान्त्रिक सरकारका गृहमन्त्री एवं नेपाली काँग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाको सल्लाहबमोजिम रेडियो स्थापना गरिएको थियो (कोइराला २०१६) । क्रान्तिकालमा सञ्चालन गरेको रेडियोबाट यसको प्रभाव र महत्त्वबारे अनुभव लिइसकेका कारण विश्वेश्वरप्रसाद कोइरालाबाट यस्तो सल्लाह भएको बुझ्न सकिन्छ । रेडियो स्थापना त भयो तर यसलाई कसरी व्यवस्थित बनाउने भन्नेबारे लामो समयसम्म सरकारी तवरबाट कुनै योजना र नीति बनेको पाइन्न । यसको प्रमुख कारण देशमा त्यतिबेला विद्यमान राजनीतिक अस्थिरतालाई मान्न सकिन्छ । त्यो अस्थिरता रेडियो नेपालमा पनि प्रतिविम्बित भयो । एक वर्ष पनि नपुगी तारिणीप्रसाद कोइराला रेडियोबाट हट्न बाध्य भए । यसले रेडियो नेपालमा एक प्रकारको अलमल र अन्यौलको वातावरण सिर्जना गऱ्यो (वैष्णव २००९) । निश्चित सरकारी नीति र योजनाको अभावमा विभिन्न प्रयोग र परीक्षणमै रेडियो नेपालले एक दशक बितायो ।

२०१३ सालमा नेपालमा योजनाबद्ध विकास सुरु भयो । प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) मा रेडियो प्रसारणको विकास र विस्तारबारे केही कुरा उल्लेख गरिएन । यसले पनि तत्कालीन अन्तरिम सरकारले रेडियो प्रसारणलाई गम्भीरपूर्वक नलिएको देखाउँछ । २०१४ सालमा 'रेडियो ऐन २०१४' ल्याइयो । तर यो रेडियो प्रसारणलाई व्यवस्थित गर्न नभई नेपालमा रेडियो यन्त्र राख्ने, बनाउने र प्रयोग गर्ने कार्यलाई नियन्त्रण र नियमित गर्न ल्याइएको थियो (श्री ५ को सरकार २०६०क) । तसर्थ रेडियो नेपालको विकासमा यसको खास साइनो छैन ।

२०१४ सालमा नेपालको इतिहासमा पत्रकारिताको विकासका लागि सुझाव दिन पहिलोपल्ट एउटा आयोग गठन भयो । उक्त आयोगले २०१५ सालमा सरकारलाई प्रतिवेदन बुझायो । जुन 'प्रेस कमिसनको प्रतिवेदन २०१५' का नाममा बाहिर आएको थियो (श्री ५ को सरकार २०६०ख) । प्रेस कमिसनको अनिवार्य कार्यक्षेत्रभित्र रेडियो नेपाललाई राखिएको थिएन । तर रेडियो पत्रकारिताबारे समेत केही सुझावहरू यसले दिएको थियो । ती सुझावहरूमा समाचार प्रसारणसम्बन्धी नीति अझै उदार बनाइनुपर्ने, सरकारी क्रियाकलापका अतिरिक्त अन्य गैर सरकारी, राजनीतिक, सामाजिक, सांस्कृतिक महत्त्वका प्रतिनिधि र घटनाहरूले उचित परिमाणमा स्थान पाउनुपर्ने, ७५ प्रतिशत स्थान स्वदेशी समाचारले पाउनुपर्ने, भाषा शुद्ध र सरल हुनुपर्ने, सम्पादकीय समीक्षा जस्तै समाचार समीक्षाको पनि चलन चलाउनुपर्ने आदि कुराहरू समावेश थिए (श्री ५ को सरकार २०६०ख: ३६०-३६२) ।

२०१५ सालको आम निर्वाचनमा रेडियो नेपाललाई जनसमुदायमाझ संसदीय चुनावबारे जानकारी दिन महत्त्वपूर्ण माध्यमको रूपमा उपयोग गरिएको थियो । श्री ५ महेन्द्रबाट रेडियो नेपालको छैठौँ (शाह २०१९क) र नवौँ (शाह २०१९ग) वार्षिकोत्सवको उपलक्ष्यमा प्रेषित छुट्टाछुट्टै सन्देशमा समेत आमनिर्वाचनका सन्दर्भमा रेडियो नेपालको महत्त्व र भूमिकाबारे उल्लेख गरिएको थियो । २०१५ सालको आमनिर्वाचनपछि गठित नेपाली काँग्रेसको सरकारले पनि प्रसारणसम्बन्धी तत्काल कुनै नीति र योजना सार्वजनिक गर्न सकेन । पछि उक्त सरकारलाई नै असम्वैधानिक तरिकाले खारेज गरियो ।

१ पुस २०१७ मा राजा महेन्द्रले प्रतिनिधि सभा भङ्ग गरी प्रजातान्त्रिक सरकारलाई खारेज गरेपछि राष्ट्रको हरेक क्रियाकलाप दरबारको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा हुन थाल्यो । राजा महेन्द्रले व्यक्तिगत रूपमा पनि रेडियो नेपालबारे निकै चासो लिने गरेको प्रसङ्ग भेटिन्छ। उनी स्वयं रेडियो नेपालमा गई कलाकारहरूद्वारा प्रत्यक्ष रूपमा गाइएका गीत सङ्गीत सुन्ने, यसका गतिविधि अवलोकन गर्ने तथा आवश्यक सल्लाह र निर्देशन दिने गरेको कुरा विभिन्न व्यक्तिहरूले आफ्नो लेखमा उल्लेख गरेका छन् (उपाध्याय २०१६, उही गोविन्दबहादुर २०५०, प्रेमी २०३१, बस्न्यात २०२५, श्रेष्ठ २०५६ख) । राजा महेन्द्रद्वारा आफ्नो शासनकालभरि रेडियो नेपालको जन्मोत्सवमा नियमित रूपमा प्रदान गरिएको शुभकामना सन्देशले पनि रेडियो नेपालप्रति चासो रहेको प्रष्ट पार्छ ।[१]

[१] हेर्नुहोस् शाह (२०१९क, २०१९ख, २०१९ग, २०१९घ, २०१९ङ, २०१९च, २०१९छ, २०२०, २०२१, २०२३क, २०२३ख, २०२४, २०२५, २०२६, २०२७, २०२८) ।

यसर्थ रेडियो प्रसारणको महत्त्वलाई राम्रोसँग बुझेका तत्कालीन राजा र पञ्चायतकालीन सरकारद्वारा यसको उपयोगलाई विशेष ध्यान दिइएको थियो । पञ्चायती व्यवस्थालाई देश, विदेशमा रहेका जनतासामु सकारात्मक प्रचार गर्न, यसलाई निर्विकल्प, विशिष्ट र विकासको पर्यायका रूपमा देखाउन रेडियो प्रमुख माध्यम बन्यो (खनाल, राई, पोखरेल र पौडयाल २०५४, वन्त सन् २००३) ।


श्री ५ महाराजाधिराजबाट रेडियो नेपालको दशौं जन्म दिवसको अवसरमा बक्सेको शुभ-कामना सन्देश ।

यस रेडियो नेपालको दशौं जन्म दिवसमा रेडियो परिवार तथा श्रोतागणमा मेरो हार्दिक शुभकामना छ । जनतालाई आधुनिक ढंगले शिक्षा दिक्षा, र समाचार दिनमा रेडियो अत्यन्त काम लाग्ने वस्तु हो । यो सबैलाई थाहा नै छ । यस रेडियो नेपालले आफ्नो तीनै प्रहरमा विभिन्न कार्यक्रम द्वारा जनसेवा गर्दै आएको पनि सबैको सामु छ । यसबाट हुने र गर्ने काममा सदा [illegible] बनी देश र जनसेवा गर्दै [illegible] सफल होस यही नै मेरो हार्दिक शुभकामना छ ।

दिनाङ्कः- २०१६।१२।२०१७ जयनेपाल ।

तस्बिर ४.१: स्व. राजा महेन्द्रद्वारा रेडियो नेपालको दशौँ जन्मजयन्तीका अवसरमा प्रेषित शुभकामना सन्देश (साभार: *झङ्कार* १[५], २०१६) ।

२०१७ पछि नै रेडियो प्रसारणको महत्त्वलाई दृष्टिगत गर्दै यसको प्राविधिक विस्तारमा पनि ध्यान दिइयो (हेर्नुहोस् अध्याय ३) । फलस्वरूप दोस्रो (त्रिवर्षीय) योजना (२०१९-२०२२) देखि रेडियो नेपालको विकास कार्यलाई पनि समेटियो । यो योजनामा १२५ ओटा सार्वजनिक श्रवण केन्द्र[२] खोल्ने, रेडियो मनिटरिङ युनिट

---

[२] रेडियो सेट घरमा नहुनेले पनि सरकारी कामकार्वाहीलगायत देश देशावरका समाचारहरू थाहा पाऊन् भन्ने उद्देश्यले यस्ता केन्द्रहरू स्थापना गरिएका थिए । यसका लागि तत्कालीन गाउँ पञ्चायतमार्फत रेडियो सेट वितरण गरी सार्वजनिक स्थानमा राखेर सुनाउने गरिन्थ्यो । इच्छा हुने जो कोहीले त्यहाँ रेडियो नेपाल प्रसारण भएका बेला गएर श्रवण गर्न सक्थ्यो (सिंह २०२०) ।

स्थापना गर्ने र वर्कशप लेबोरेटरीको स्थापना गर्ने, गीत, महत्त्वपूर्ण वक्तव्य तथा भाषणहरू टेप गर्ने, पुस्तकालय स्थापना गर्ने कुरा उल्लेख थियो (श्री ५ को सरकार २०१९) । त्यसैगरी तेस्रो पञ्चवर्षीय योजना (२०२२-२७) मा पनि प्राविधिक विकासलाई नै जोड दिइएको थियो । यसअन्तर्गत् श्रवण केन्द्र खोल्ने कार्यलाई निरन्तरता दिँदै ८०० ओटा नयाँ केन्द्र स्थापना गर्ने लक्ष्य लिइएकोमा ३७४ ओटा स्थापना गरियो भने २०२५ सालमा १०० किलोवाटको शर्टवेभ ट्रान्समिटर स्थापना गरियो (श्री ५ को सरकार २०२२, २०२७) । चौथो योजना (२०२७-३२) मा काठमाडौँमा चालु १० किलोवाट मिडियम वेभ ट्रान्समिटरलाई क्षेत्रीय ट्रान्समिटरमा परिणत गर्ने र सोही खालको अरू थप एक स्टेसन पश्चिम पहाडमा राखिने लक्ष्य लिइएको थियो । पञ्चवर्षीय योजनाहरूमा रेडियो नेपालको प्राविधिक विकासलाई केही मात्रामा समेटिए पनि रेडियो नेपालको प्रशासनिक ढाँचा र कार्यक्रम विस्तारका पक्षलाई लिएर कुनै नीति र कार्यक्रम भने २०२८ सालअघि आउन सकेन ।

२०२५ सालमा रेडियो नेपालका कार्यक्रमलाई सुधार गर्ने हेतुले एउटा ‘रेडियो नेपाल कार्यक्रम सल्लाहकार समिति’ गठन गरियो । राष्ट्रिय पञ्चायतका तत्कालीन सदस्य श्री विष्णुप्रसाद लोहनीको अध्यक्षतामा गठित उक्त १२ सदस्यीय समितिले सोही वर्ष आफ्ना सुझावहरू पेश गरेको थियो । समितिले दिएको मुख्य सुझावहरूमा विज्ञापन सेवालाई प्रवर्द्धन गरी रेडियो नेपाललाई आर्थिक रूपमा सुदृढ गर्दै लैजाने, गाउँ फर्क राष्ट्रिय अभियानसम्बन्धी कार्यक्रम अत्यन्तै समसामयिक भएकोले उक्त कार्यक्रममा थप सामग्रीहरू समावेश गरी अझ स्तरीय बनाउनु पर्ने, *कृषि कार्यक्रम*को समय बढाई विभिन्न राष्ट्रिय भाषाहरूमा समेत प्रसार गर्ने, *धार्मिक कार्यक्रम*को प्रसारण सुरु गर्ने, नेपाली लोक गीत सङ्गीतलाई प्रवर्द्धन गर्ने आदि थिए (गोरखापत्र २०२५) । यिनै सुझावहरूका आधारमा केही नयाँ कार्यक्रमहरू थप्नुका साथै प्रसारित कार्यक्रमहरूमाथि सुधार गरिएको थियो (भोग्यप्रसाद शाह २०२७) । यसका कतिपय कुराहरू २०२८ सालको सञ्चार योजनामा समेत समावेश गरेको पाइन्छ ।

## सञ्चार योजना २०२८: पथ प्रदर्शनको प्रयास

प्रेस कमिसन र सल्लाहकार समितिका सीमित सुझाव प्रतिवेदनबाहेक दुई दशकसम्म मौखिक निर्देशन र आदेशकै भरमा रेडियो नेपाल सञ्चालन भएको थियो । १ साउन २०२८ देखि लागू हुनेगरी सञ्चारका विविध क्षेत्र, पत्रपत्रिका, रेडियो, दूरसञ्चार आदिलाई समेटेर तत्कालीन सरकारले ‘सञ्चार योजना २०२८’ तर्जुमा गर्‍यो (श्री ५ को सरकार २०६०ग) । यसले रेडियो प्रसारणलाई

केही निश्चित नीति र कार्यक्रमद्वारा व्यवस्थित गराउन खोजेको थियो। यो योजना श्री ५ को सरकारद्वारा घोषित 'विकासका लागि सञ्चार' भन्ने मूल नारा अघि सारेर ल्याइएको थियो। तसर्थ योजनाको मूल उद्देश्य राष्ट्र विकासमा सञ्चार माध्यमहरूको उपयोगलाई प्रभावकारी बनाउनु थियो।

यसैक्रममा सञ्चारका हरेक क्षेत्रका छुट्टाछुट्टै उद्देश्य, नीति र कार्यक्रम किटान गरिएको थियो। रेडियो नेपालका हकमा सरकारी तवरबाट ठोस रूपमा उद्देश्य, नीति र कार्यक्रमसहित सार्वजनिक गरिएको पहिलो नीतिगत कदम यही थियो। यसमा प्रसारण समयलाई ८ घण्टाबाट बढाएर १२ घण्टा (शनिबार थप एक घण्टा) पुऱ्याउने गरी कार्यक्रमको मोटामोटी रूपरेखा समेत प्रस्तुत गरियो। समाजका विभिन्न वर्ग-लक्षित कार्यक्रमहरू थप्ने तथा कुन कार्यक्रमले के कस्ता विषय प्रसार गर्ने र के गर्न नहुने स्पष्ट पारिएको थियो। कार्यक्रममा समावेश हुने सामग्रीहरू वा गीत सङ्गीत के कसरी तयार पार्ने वा सङ्ग्रह गर्ने भन्नेबारे जानकारी पनि यसमा दिइएको थियो। साथै विज्ञापन सेवालाई प्रवर्द्धन गरी आयस्रोत बढाउनेतर्फ ध्यान दिनुपर्ने जनाउँदै विज्ञापन प्रसारणसम्बन्धी एक किसिमको आचारसंहिता पनि प्रस्तुत गरियो। रेडियो नेपालमा परिआउने समस्याहरूमाथि विचार विमर्श गरी आवश्यक नीति तथा योजना तयार गर्न 'रेडियो सल्लाहकार मण्डल'को व्यवस्था गर्नु तथा नयाँ सङ्गठनात्मक ढाँचा प्रस्तावित गर्नु पनि यो योजनाको उल्लेखनीय कदम थियो। यस योजनामा रेडियो नेपालको भौतिक पूर्वाधारतर्फ भने ध्यान दिइएको थिएन।

निर्दलीय पञ्चायती व्यवस्थामा तर्जुमा गरिएको यस योजनामा पञ्चायत इतरका हिसाबले उदार नीति तथा कार्यक्रमको झल्को नपाइनु अस्वाभाविक थिएन। नीति शीर्षकअन्तर्गत् पहिलो बुँदामै 'राजमुकुटको महिमा एवं महत्ताको विषय प्रसार गर्ने' भन्ने वाक्यांशले शासक वर्ग र व्यवस्थाको गुणगान गाउनुपर्ने बाध्यतालाई निरन्तरता दियो। त्यस्तै योजना शीर्षकअन्तर्गत् '*धार्मिक कार्यक्रम*मा हिन्दू धर्मलाई प्राथमिकता दिने' भन्ने कुराले अन्य धर्मावलम्बीमाथिको पक्षपात उजागर हुन्थ्यो। विभिन्न जातजाति भाषाभाषी लक्षित कार्यक्रम प्रसारणका बारेमा कतै उल्लेख नुहनुले रेडियो नेपाललाई व्यापक जनतासम्म पुऱ्याउने उदारता यो योजनाले नदेखाएको प्रष्ट हुन्छ। तर प्रसारण गरिँदै आएको र गरिने थुप्रै कार्यक्रमको निश्चित विषयसहितको खाका प्रस्तुत गरेर अन्यौल हटाउन केही हदसम्म यो योजना सफल थियो।

सञ्चार योजना २०२८ पछाडि तर्जुमा गरिएको पाँचौं (२०३२-३७) र छैठौं (२०३७-४२) पञ्चवर्षीय योजना पनि रेडियो नेपालको प्राविधिक क्षमता विस्तार

गर्नेतर्फ नै केन्द्रित थियो, जसअन्तर्गत् पाँचौं योजनामा प्रसारण स्तर बढाउन नयाँ शर्टवेभ ट्रान्समिटरको स्थापना र विद्यमान ट्रान्समिटरमा आवश्यक सुधार गरिने जनाइएको थियो । रेडियो नेपालको कार्यक्रम सुव्यवस्थित रूपले सञ्चालन गर्न टेप लाइब्रेरीको स्थापना गर्नुपर्ने उक्त योजनामा जनाइएको थियो । योजनाको अधिकतम कार्यक्रमअर्न्तगत सिंहदरबार, जाउलाखेल र खुमलटारमा एक एक वर्कशप स्थापना गरिने पनि उल्लेख थियो (श्री ५ को सरकार २०३२) । यी सबै कार्यक्रमहरू उक्त योजना अवधिमा सम्पन्न भएका थिए (श्री ५ को सरकार २०३७) । छैठौं योजना (२०३७-४२) मा भने काठमाडौं र पोखरामा मिडियम वेभ प्रसारण सेवाको स्थापना एवं शिक्षक तालिम परियोजनाअन्तर्गत् *शैक्षिक कार्यक्रम* प्रसार गर्न ट्रान्समिटर तथा एण्टेना स्थापनाको लागि जग्गा अधिग्रहण र कम्पाउण्ड निर्माण कार्य समावेश गरिएको थियो । यसरी छैठौं योजनाको कार्यक्रमअनुसार देशका दुई सहरमा मिडियम वेभ प्रसारण केन्द्र स्थापना भएपछि नेपालका ५५% जनताले मिडियम वेभमार्फत सेवा सुन्न सकिने जनाइएको थियो (श्री ५ को सरकार २०४२) ।

२०३७ सालमा पनि २०१५ सालमा जस्तै नेपाली पत्रकारिता जगतका समस्या र तिनका समाधानका उपायबारे श्री ५ समक्ष प्रतिवेदन पेश गर्न एक प्रेस आयोगको गठन भयो । तदनुसार २०३८ सालमा उक्त समितिले एउटा प्रतिवेदन जाहेर गर्‍यो, जसलाई 'शाही प्रेस आयोग- २०३८ को प्रतिवेदन'द्वारा चिनिन्छ (श्री ५ को सरकार २०६०घ) । यसपालि भने रेडियो नेपाललाई पनि अध्ययनको क्षेत्र बनाइएको थियो । रेडियो नेपालका सम्बन्धमा उक्त आयोगले प्रस्तुत गरेको सुझावहरूमा विभिन्न कार्यक्रमबारे श्रोता सर्वेक्षणजस्ता माध्यमबाट अध्ययन गरी प्राप्त तथ्याङ्कको आधारमा कार्यक्रमलाई सुधार गर्ने प्रक्रिया विस्तार गर्नुपर्ने, राष्ट्रिय समाचारहरू प्रभावकारी रूपमा सङ्कलन गरी बढी मात्रामा प्रसारण गर्नुपर्ने, समाचार प्रसारण गर्दा पदीय मर्यादाक्रमलाई भन्दा समाचारको महत्त्वलाई प्राथमिकता दिने प्रक्रिया हुनुपर्ने र रेडियो प्रसारणलाई अधिराज्यव्यापी सेवा प्रदान गर्न सक्ने गरी प्रभावकारी बनाउनुपर्ने आदि समावेश थिए (२०६०घ: ४६६-४६७ र ४८६) । खासगरी पत्रकारिताको स्थितिबारे प्रतिवेदन पेश गर्न गठन भएका कारण यो प्रतिवेदन रेडियो नेपालको अन्य पक्षभन्दा समाचार र समाचारमूलक कार्यक्रम सम्बन्धमा नै केन्द्रित थियो ।

यसका अतिरिक्त शिक्षाको प्रचार प्रसारलाई रेडियोले झन् ठूलो योगदान दिनुपर्ने, अधिकांश कार्यक्रमहरू सुरुचिपूर्ण नभएको तथा अनावश्यक भूमिका र गीतहरूमा मूल्यवान समय खेर गैरहेकोतर्फ पनि सुझावमा औंल्याइएको

थियो । रेडियो कार्यक्रमप्रतिको जनरुचि घट्दै गएको समाचारमा मन्त्री र उच्च तहका सरकारी पदाधिकारीहरूलाई बढी मात्रामा प्राथमिकता दिई रेडियोबाट जनताले पाउनुपर्ने आवश्यक सूचना, जानकारी तथा निष्पक्ष समाचारहरू सही रूपमा प्राप्त गर्न नसकेकाले यस्तो हुन गएको पनि जनाइएको थियो । साथै रेडियोबाट प्रसारित शिक्षा, स्वास्थ्य र कृषि जस्ता विभिन्न विभागहरूबाट सञ्चालित कार्यक्रमहरूमा उचित समन्वय कायम गरी रेडियोको समय सदुपयोग गर्नुपर्ने कुरामा जोड दिइएको थियो । देशभरिका बुद्धिजीवी, पत्रकारहरूबाट सुझाव सङ्कलन गरी त्यसमाथि छलफल गरेर प्रतिवेदन पेश गर्न गठित यो आयोग आफैमा एउटा सकारात्मक प्रयास थियो, र उक्त आयोगले पेश गरेको कमी कमजोरीको आलोचना र त्यसमा गर्नुपर्ने सुधार सहितको यो प्रतिवेदन साँच्चै नै महत्त्वपूर्ण थियो । तर आफ्नो काम कार्वाहीप्रति गरिएको आलोचना सुन्नै नचाहने तत्कालीन सरकारले यसलाई कत्तिको गम्भीरपूर्वक लियो होला, त्यसै अनुमान गर्न सकिन्छ । पञ्चायतकालको त के कुरा २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भइसकेपछि समेत रेडियो नेपालको सम्पादकीय नीतिमा संस्कारगत परिवर्तन आउन नसकेको चौतर्फी आवाज (नाम उल्लेख नभएको २०५४, यात्रु २०६१, सुब्बा २०५२) अझै मत्थर भएको छैन ।

## २०४१ सालको नीतिगत परिवर्तनः स्वायत्ततर्फको फड्को

२०४१ सालले रेडियो नेपालका लागि ठूलै परिवर्तन लिएर आयो । यसअघि सरकारी पोल्टामा अर्थात् प्रसार विभागअन्तर्गत् रहेको रेडियो नेपाललाई एक आदेशद्वारा १ भदौ २०४१ देखि विकास समितिमा परिवर्तन गरियो (श्री ५ को सरकार २०६०ङ) । विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१' जारी गरिएको थियो ।[३] यस आदेशपछि रेडियो नेपाल कानुनी हिसाबले एक स्वायत्त संस्थाको रूपमा स्थापित हुन पुगेको थियो । उक्त आदेशद्वारा समितिको काम, कर्तव्य र अधिकार निश्चित गरी प्रसार विभागअन्तर्गत् रहेको सम्पूर्ण चल अचल

---

[३] उक्त दफा यस्तो छः ३. समिति गठन गर्ने श्री ५ को सरकारको अधिकारः (१) श्री ५ को सरकारले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए बमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्नेछ । (२) उपदफा (१) अन्तर्गत्को प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरू तोकिनेछन् र तत्सम्बन्धी अरू विषयहरूको पनि व्यवस्था हुन सक्दछ । (३) समितिमा श्री ५ को सरकारले नियुक्ती गरे बमोजिमको व्यक्तिहरू रहनेछन् र सो समिति गठन गर्दाको आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ (श्री ५को सरकार २०५०: २) ।

सम्पत्ति समितिलाई हस्तान्तरण गरियो । कानुनी हिसाबले रेडियो नेपाल स्वायत्त संस्थाको रूपमा परिणत भएपनि व्यावहारिक हिसाबले त्यहाँ परिवर्तन आएको २०६० सालसम्म पनि देख्न पाइएन । २०४१ सालअघिको सरकारी नियन्त्रण र हस्तक्षेपमा कमी त आएन नै, बरु आफै कमाएर बाँच्नुपर्ने चुनौती भने खडा



रेडियो नेपालको
सुधार र सुदृढीकरण योजना

२०४१

प्रस्तुतकर्ता
श्री ५ को सरकार संचार मन्त्रालय
र
प्रसार विभाग (रेडियो नेपाल)
सहयोगी संचार समूह

तस्बिर ४.२: रेडियो नेपालका कार्यक्रममा युगीन सुधार ल्याउने उद्देश्यले प्रस्तावित योजना ।

भयो । फलस्वरूप कार्यक्रम प्रसारणसँगै आर्थिक उपार्जनलाई पनि जोड दिनुपर्ने भयो ।

यो आदेश जारी हुनु केही महिनाअगाडि मात्रै ‘रेडियो नेपालको सुधार र सुदृढीकरण योजना २०४१’ तर्जुमा गरिएको थियो (श्री ५ को सरकार २०४१, हेर्नुहोस् तस्बिर ४.२) । यो योजना कुन मितिदेखि लागू भएको थियो भन्नेबारे स्पष्ट रूपमा कतै उल्लेख छैन । प्रसार विभाग (रेडियो नेपाल) को नाममा तर्जुमा गरिएको तथा यसको प्रस्तावनामा ‘विज्ञापन सेवालाई विकास समितिअन्तर्गत् सञ्चालन गर्नुपर्ने प्रस्तावित योजनामा विचार गरिएको छ’ भन्ने वाक्यबाट रेडियो नेपाल विकास समितिमा परिवर्तन हुनुअगाडि नै यो योजना ल्याइएको बुझिन्छ । यसरी विज्ञापन सेवालाई मात्र विकास समितिअन्तर्गत् सञ्चालन गर्नुपर्ने भन्ने भनाइको अर्थ पनि स्पष्ट छैन । तसर्थ एकै वर्षभित्र तर्जुमा गरिएको सुदृढीकरण

योजना तथा जारी आदेशबीच कुनै तादात्म्य थियो वा थिएन भन्नेबारे किटेर भन्न गाह्रो छ । यो सुदृढीकरण योजना रेडियो नेपाललाई आर्थिक रूपमा स्वावलम्बन बनाउनेतर्फको महत्त्वपूर्ण पाइला थियो । किनकि यस योजनाले रेडियो नेपाल बाहिरबाट सञ्चालन गरिने कार्यक्रममा प्रसारण शुल्क लगाउने, विज्ञापन दरलाई भारी मात्रामा बढाउने तथा रेडियो नेपालबाट सञ्चालित कार्यक्रमलाई कसैले प्रायोजन गर्न चाहेमा गर्न सकिने व्यवस्था गर्‍यो र विज्ञापन सेवाको समयलाई ४ घण्टाबाट बढाएर १० घण्टा पुर्‍याइयो (हेर्नुहोस् अध्याय ५) ।

खास भन्ने हो भने यो योजनाको प्रमुख उद्देश्य आर्थिक सुदृढीकरण गर्नेभन्दा पनि रेडियो नेपालका कार्यक्रम र यसको प्रसारणमा 'युगीन सुधार' ल्याउने थियो । यस योजनामा उल्लेख भएअनुसार कार्यक्रम प्रसारणमा व्यापक सुधार ल्याउन यसमा संलग्न लेखक, सम्पादक, सञ्चालक, कवि कलाकारहरू र तिनका रचनालाई प्रोत्साहन स्वरूप पारिश्रमिक र पुरस्कारमा वृद्धि गरिएको थियो । साथै सञ्चार योजना २०२८ भन्दा पनि एक कदम अघि बढेर प्रत्येक कार्यक्रममा समेटिनु पर्ने विषयका अतिरिक्त कुन बार र कुन समयमा के के विषय प्रसार गर्ने भन्नेसम्म व्यवस्था गरिएको थियो । यस योजनाले रेडियो नेपालका कार्यक्रममा के कस्तो सुधार ल्याएको थियो वा थिएन, अहिले भन्न गाह्रो छ । किनकि तुलनात्मक रूपले अध्ययन गर्नको लागि त्यसबेलाका कुनै किसिमको लिखत वा रेकर्ड पाउन सकिन्न । जे होस् २०४१ सालमा जारी गरिएको गठन आदेशले कानुनी रूपमा मात्रै भएपनि रेडियो नेपाललाई स्वायत्त संस्थाको रूपमा परिणत गर्‍यो । सोही वर्ष ल्याइएको सुदृढीकरण योजनाले आर्थिक स्वावलम्बनको दिशामा यसलाई अग्रसर गरायो ।

पञ्चायती व्यवस्थाको अन्ततिर आएको सातौं पञ्चवर्षीय योजना (२०४२-४७) को मूल नीति पनि प्रसारण गुणस्तरलाई वृद्धि गर्ने नै रहेको थियो (श्री ५ को सरकार २०४२) । यस योजनामा देशका विभिन्न स्थानमा मिडियम वेभ रेडियो स्टेसन स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने लक्ष्य राखिएको थियो । त्यस्तै टेप लाइब्रेरीको विकास, विज्ञापन भवन निर्माण, न्यूज मनिटरिङ केन्द्र स्थापना तथा प्रशिक्षण व्यवस्थाको विकास गर्ने जस्ता कार्यक्रमहरू पनि यस योजनामा समेटिएका थिए । सातौं योजनाको लक्ष्यबमोजिम मिडियम वेभसम्बन्धी सम्भाव्यता अध्ययन गरिकन धनकुटा, धरान र बर्दिवासबाट सातौं योजना भित्रैमा मिडियम वेभ प्रसारण सुरु गरिसकिएको थियो । सुर्खेत र दिपायलमा मिडियम वेभ रेडियो स्टेसन निर्माण कार्य सुरु गरिएको थियो (श्री ५ को सरकार २०४९क) । काठमाडौं र पोखरामा भने छैठौं योजनामा नै स्थापना भई प्रसारण सुरु गरिसकिएको थियो ।

२०४५ सालमा 'राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम २०४५' घोषणा भयो (श्री ५ को सरकार २०४९ख) । रेडियो प्रसारणका सवालमा कुनै ठोस नीति र कार्यक्रम उक्त सञ्चार नीतिले ल्याएको देखिएन । राष्ट्रिय हित र एकताको अभिवृद्धि गराउने, राष्ट्रियता जोगाउने र जगाउने, नैतिक, चारित्रिक, धार्मिक एवं सांस्कृतिक भावनालाई प्रोत्साहन दिने, विकास तथा शिक्षामूलक र ज्ञानवर्द्धक, देश र समाजको उत्थान गराउन सहयोग हुने कार्यक्रमहरू प्रसार गर्ने जस्ता अमूर्त वाक्यहरूले नै यो सञ्चार नीतिका पाना भरिएका छन् । यी कुरा सुन्नमा मिठासयुक्त भएपनि व्यवहारमा कसरी उतार्ने भन्ने स्पष्ट थिएन । यी बाहेक प्रत्येक दुई वर्षमा एकपटक अधिराज्यव्यापी श्रोता सर्वेक्षण गर्ने, आफ्नो छुट्टै आधुनिक समाचार सङ्कलन प्रणालीको विकास गरी यस क्षेत्रमा बढी मात्रामा आत्मनिर्भर हुन प्रयत्नशील रहने, समाचार तत्काल उपलब्ध गराउने अत्यावश्यक सञ्चार उपकरणहरूको स्थापना गर्ने विभिन्न सरकारी, गैर सरकारी निकायहरूसँग समन्वय राखी कार्यक्रम उत्पादन तथा प्रसारणमा संलग्न गराउने कुरा पनि उक्त सञ्चार नीतिमा जनाइएको थियो । गैर सरकारी संस्थालाई कार्यक्रम उत्पादन गरी प्रसारण गर्न पहिलो पटक नीतिगत रूपमा यसले बाटो खोलिदिएको थियो । सरकारी विभाग वा मन्त्रालय आदिलाई भने २००८ सालदेखि नै कार्यक्रम उत्पादन तथा प्रसारणमा सहभागी गराउँदै ल्याइएको थियो (हेर्नुहोस् अध्याय ६) । दुई-दुई वर्षमा राष्ट्रिय श्रोता सर्वेक्षण गर्ने भनिएपनि उक्त कुरा व्यवहारमा लागू हुन सकेको छैन ।

## २०४६ को परिवर्तनः निजी क्षेत्रप्रति उदारता

२०४६ सालमा प्रजातन्त्रको पुनर्वहाली भएपश्चात्को खुल्ला वातावरणले गर्दा नेपाली मिडियाले उल्लेख्य फड्को मार्न पुग्यो । फलस्वरूप नेपाली मिडियालाई व्यवस्थित र मर्यादित बनाउन थुप्रै नयाँ ऐन, नीति र नियमहरू ल्याइए । तिनमा 'राष्ट्रिय सञ्चार नीति २०४९', 'राष्ट्रिय प्रसारण ऐन २०४९', 'राष्ट्रिय प्रसारण नियमावली २०५२', 'प्रसारण निर्देशिका २०५५', 'सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९' प्रसारणका सवालमा महत्त्वपूर्ण ऐन, नीति तथा नियमहरू थिए । यीमध्ये पनि 'राष्ट्रिय प्रसारण ऐन २०४९', 'राष्ट्रिय प्रसारण नियमावली २०५२' र 'प्रसारण निर्देशिका २०५५' रेडियो नेपाल मात्र नभई समग्र प्रसारण क्षेत्रका लागि निकै महत्त्वपूर्ण थिए । खासगरी सेटलाइट, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न, फ्रिक्वेन्सी मोडुलेन (एफएम) प्रसारण प्रणालीको माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न र फ्रिक्वेन्सी

मोडुलेसन प्रसारण प्रणालीको स्थापनाका लागि इजाजत पत्र प्रदान गर्न, आवश्यक रेखदेख तथा नियन्त्रण गर्न र सुव्यवस्थित गर्नका लागि यी ऐन, नियमावली र निर्देशिका ल्याइएका थिए (श्री ५ को सरकार २०५५क, २०५५ख, २०६०च) ।

'राष्ट्रिय प्रसारण ऐन २०४९' प्रसारणको विकासमा एउटा महत्त्वपूर्ण कदम थियो । यसअघि प्रसारणको सवालमा कुनै ऐन बनेको थिएन । प्रसारणको क्षेत्रमा गैर सरकारी निकायलाई संलग्न गर्ने वातावरण बनिनसकेको तथा त्यस्तो वातावरण निर्माण गर्ने सरकारी चाहना नभएकैले यसअघि प्रसारण ऐनको औचित्य थिएन सायद । यस ऐनले नै निजी वा गैर सरकारी वा सामुदायिक संघ संस्थालाई एफएम प्रणाली प्रयोग गरी वा स्थापना गरी रेडियो सञ्चालन गर्ने अनुमति प्रदान गऱ्यो । त्यस्तै केबुल टेलिभिजन वा सेटलाइटसम्बन्धी भू-उपग्रह प्रसार केन्द्रमार्फत वा त्यस्ता प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्न अनुमति प्रदान गरेको थियो । प्रसारण वा स्थापना गर्न अनुमति दिने बाहेक ती प्रसारकले के कस्ता विषय प्रसारण गर्न पाइने, के नपाइने, के कस्ता कुरालाई प्रसारणमा प्राथमिकता दिने र कस्ता कुरा निरुत्साहित गर्ने भन्ने पनि सो ऐनले स्पष्ट पारेको छ । २०४९ सालमै ऐन आएपनि निश्चित नियम नभएका कारण झण्डै तीन वर्षसम्म यो कार्यान्वयन हुन पाएन । २०५२ सालमा 'राष्ट्रिय प्रसारण नियमावली २०५२' बनेपछि मात्र सो ऐनले मूर्त रूप पाएको थियो । यस नियमावलीले प्रसारण संस्थाले पालन गर्नुपर्ने शर्त लगायत इजाजत पत्र लिन लाग्ने शुल्क इजाजत पत्रको ढाँचा तथा दण्ड, सजायँसम्बन्धी व्यवस्था गरेको छ । नियमावली बनेको लगत्तै २०५२ सालमा सर्वप्रथम रेडियो नेपालले इजाजतपत्र लिएर एफएम काठमाडौंको नाममा प्रसारण सुरु गरेको थियो । यसका निमित्त २०५० सालमा रेडियो नेपालले रामशरण कार्कीको संयोजकत्वमा एफएम प्रसारण गर्नेसम्बन्धी सम्भाव्यता अध्ययन पनि गरेको थियो (कार्की २०५०) । २०५४ सालमा रेडियो सगरमाथाले इजाजत प्राप्त गरी प्रसारण सुरु गऱ्यो (मैनाली २०५९) । सुरुदेखि नै एफएम काठमाडौंको समय निजी क्षेत्रलाई भाडामा दिइँदै आएको छ । कान्तिपुर एफएफ, हिट्स एफएम र क्लासिक एफएम आदिले सुरुमा एफएम काठमाडौँबाट नै समय किनेर कार्यक्रम प्रसारण गरेका थिए । पछि यी एफएमहरूले आ-आफ्नै स्टेसन स्थापना गरे । चैत्र २०६० सम्ममा ५६ ओटा एफएमले इजाजत पाइसकेका छन् भने तीमध्ये ३० ओटा सञ्चालनमा आइसके ।[४]

[४] नेपाल वातावरण पत्रकार समूह, सामुदायिक रेडियो सहयोग केन्द्रका संयोजक रघु मैनालीका अनुसार ।

'राष्ट्रिय सञ्चार नीति २०४९' र 'सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९' ले सञ्चारका अन्य क्षेत्रका अतिरिक्त रेडियो नेपाललाई पनि समेटेका छन् (श्री ५ को सरकार २०५९, श्री ५ को सरकार २०६०छ) । साथै रेडियो नेपालले 'रेडियो प्रसार सेवा विकास समिति गठन आदेश २०४१' को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृतिमा 'कर्मचारी सेवा शर्त नियमावली २०४९' तथा 'आर्थिक नियमावली २०४९' समेत तर्जुमा गरेको थियो ।[५] जसमध्ये कर्मचारी सेवा शर्त नियमावलीमा प्रत्येक कर्मचारीको अधिकार र दायित्त्वका साथै कर्मचारी भर्ना, सरुवा, बढुवा, सेवा तथा सुविधासम्बन्धी कुरा समेटिएको छ । त्यस्तै आर्थिक नियमावलीमा रेडियो नेपालसम्बन्धी आय, व्ययको लेखाजोखा, सम्पत्ति खरिद तथा बेचबिखन, आर्थिक अनुदान वा सहयोग लिने दिनेसम्बन्धी विधि र प्रक्रियाहरू समाविष्ट छन् (रेडियो नेपाल २०४९क, २०४९ख) । सेवा शर्त नियमावली २०५१ र २०५७ गरी दुईपटक संशोधनसमेत भइसकेको छ भने आर्थिक नियमावली एकपटक पनि संशोधन भएको पाइन्न ।

'राष्ट्रिय सञ्चार नीति २०४९' निजी क्षेत्रप्रति उदार छ। यसमा निजी क्षेत्रलाई रेडियो तथा टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमको उत्पादन र प्रसारणमा सहभागी गराउने जनाइएको छ। साथै निश्चित शर्त र प्रक्रियाका आधारमा विदेशी सञ्चार माध्यमलाई पनि कार्यक्रम प्रसारण गर्न पाउने उल्लेख छ। यस नीतिमा समेटिएका थप नयाँ कुराहरूमा क्षेत्रीय प्रसारण प्रारम्भ गरी क्रमिक रूपले विभिन्न राष्ट्रिय भाषाहरूमा कार्यक्रम प्रसारण गर्ने, धुमपान एवं मदिराजस्ता स्वास्थ्य हानिकारक पदार्थको विज्ञापन निरुत्साहित गर्ने, रेडियो नेपाललाई राष्ट्रिय सेवा र व्यापारिक सेवा गरी दुई सेवामा सञ्चालन गर्ने, आदि छन् । यस सञ्चार नीतिमा उल्लिखित अधिकांश प्रतिबद्धताहरू क्रमशः व्यावहारिक रूपमा परिणत हुँदै गएको पनि देखिन्छ, जसअनुसार २० चैत २०५० देखि क्षेत्रीय प्रसारण प्रारम्भ भयो । पाँचओटै विकास क्षेत्रमा क्षेत्रीय प्रसारण केन्द्रहरूबाट आ-आफ्ना क्षेत्रका भाषा र संस्कृति सुहाउँदो विविध शिक्षामूलक कार्यक्रमहरू प्रसार हुन थालेका छन् ।

आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा रेडियो प्रसार सेवा विस्तार र सुदृढीकरणको सिलसिलामा मिडियम वेभ दोस्रो च्यानलको स्थापना र सञ्चालन गर्ने साथै तालिम केन्द्र स्थापना र सञ्चालन गर्ने जनाइएको थियो (श्री ५ को सरकार

---

[५] उक्त दफामा "समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिएर बनाउन सक्नेछ" उल्लेख छ (श्री ५को सरकार २०६०ङः २५८) ।

२०४९क) । उक्त योजनाले मिडियम वेभ दोस्रो च्यानल तथा जनशक्ति विकासको लागि तालिम एकाइ सञ्चालन गर्ने लक्ष्य राखेकोमा वैदेशिक स्रोत परिचालन नभएकाले कुनै कार्य सञ्चालन हुन सकेको थिएन । नवौँ योजना (२०५४-५९) ले कुनै प्रकारको रकम विनियोजन गर्ने लक्ष्य नराखी केवल दीर्घकालीन अवधारणामा रेडियो प्रसारणलाई स्तरयुक्त, प्रभावकारी, स्वावलम्बी, आत्मनिर्भर आदि बनाउने दिशामा उपयुक्त कदम चालिने, निजी क्षेत्रको सहभागिता र संलग्नतालाई प्रोत्साहन गर्ने, भू-उपग्रह माध्यमबाट प्रसारण विस्तार गर्ने जस्ता नीतिगत कुराहरू मात्र समेटेको थियो (श्री ५ को सरकार २०५५ग) । यसमा उल्लिखित 'निजी क्षेत्रको सहभागिता र संलग्नतालाई प्रोत्साहन गर्ने भन्ने कुराले २०४६ सालपछाडि आएको आर्थिक उदारीकरणको भावनालाई समेटेको थियो । जुन कुरा २०४९ को सञ्चार नीतिले पनि समेटेको थियो । चालू दशौँ योजना (२०५९-६४) ले राष्ट्रिय तथा निजी क्षेत्रको प्रसारण सेवाको विकास, विस्तार र सञ्चालन गर्ने रणनीति लिएको छ (श्री ५ को सरकार २०६०ज) । साथै रेडियो प्रसारण सेवा सबै जनतामा प्रभावकारी रूपमा पुऱ्याउने कार्यक्रम राखेको छ। नवौँ र दशौँ योजनामा क्रमशः नीतिगत अवधारणामा योजना खुम्चिएको छ ।

'सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति २०५९' ले पनि लगभग २०४९ सालमा आएका नीति र कार्यक्रमलाई निरन्तरता दिएको देखिन्छ (श्री ५ को सरकार २०५९) । यसमा आधुनिक प्रणालीको प्रयोग गरी रेडियो प्रसारणलाई अधिराज्यव्यापी र छिमेकी मुलुकमा बसोबास गर्ने नेपाली माझ समेत पुऱ्याउने कुरा समेटिएको छ । साथै निजी क्षेत्रको बढ्दो उत्साहलाई ध्यानमा राखी रेडियो प्रसारणलाई प्रतिस्पर्धात्मक रूपमा विकास गर्न सहभागी गराउनेमा पनि जोड दिइएको छ। दीर्घकालीन नीति भनिए पनि यसमा रेडियो नेपालको सवालमा त्यस्तो उल्लेखनीय तथा ठोस कार्यक्रम समेटिएको भने पाइन्न । अघिल्ला समयमा निजी क्षेत्र र जातजाति, भाषाभाषीप्रति उदार हुन नसकेको अवस्थामा प्रजातन्त्रको आगमनपश्चात् केही उदार नीतिहरू अपनाइएको महसुस गर्न सकिन्छ ।

## *प्रमुख पार्टीका दृष्टिकोण*

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिका अवधिमा राजनितिक पार्टीहरू नै नीति निर्माणको तहमा सर्वेसर्वा हुने गर्दछन् र हुँदै आएका पनि छन् । तसर्थ उनीहरूको विचार, धारणा वा नीतिहरू नै एक हदसम्म राज्यले अँगाल्ने नीति योजनाको स्रोत हो । २०४६ सालयताको चौध वर्षमा नेपाली राजनीतिको निर्णायक तहमा रहेका पार्टीहरू नेपाली काँग्रेस र नेपाल कम्यूनिष्ट पार्टी (एमाले) का नीति

र प्रतिबद्धताहरू नै यस अवधिमा निर्माण र निर्धारण भएका राज्यको सञ्चारसम्बन्धी नीति, योजनाका आधारहरू हुन् भन्दा फरक पर्दैन। अझ त्यसमा पनि यो अवधिमा सबभन्दा बढी सत्ताको साँचो बोक्ने नेपाली काँग्रेस यस मामिलामा अग्रपङ्क्तिमा पर्दछ। मूल रूपमा २०४८, २०५१ र २०५६ गरी तीन पटक सम्पन्न आमनिर्वाचनका बखत यी दुई पार्टीहरूद्वारा प्रस्तुत गरिएका घोषणापत्रहरू पल्टाएर हेर्ने हो भने रेडियो नेपालप्रति उनीहरूका दृष्टिकोण र प्रतिबद्धताहरू सजिलै थाहा पाउन सकिन्छ।

यी दुई प्रमुख पार्टीका घोषणापत्रहरू पल्टाउँदा सर्वप्रथमतः समग्र सञ्चार क्षेत्रले तुलनात्मक हिसाबले निकै कम स्थान पाएको देखिन्छ भने रेडियो नेपाल एक वा दुई बुँदामा मात्र सिमित भएको छ। अझ कुनैमा त रेडियो नेपाल उल्लेख नै भएको देखिँदैन। नेपाली काँग्रेसले २०४८ सालको चुनाव घोषणापत्रमा सम्पूर्ण क्षेत्रमा प्रसारण पुऱ्याउन नयाँ प्रसारण केन्द्रको स्थापना गर्ने, देशका प्रमुख क्षेत्रीय भाषाहरूमा समेत कार्यक्रम प्रसारण गर्ने दृष्टिले सञ्चार नीति बनाउने कुरा उल्लेख थियो। साथै सञ्चारमाध्यमहरूको स्वायत्तता र स्वतन्त्रतालाई विकास गर्न सरकारले बिना कुनै भेदभाव उचित सहयोग र प्रोत्साहन गर्ने पनि यसमा जनाइएको थियो। यसैअनुरूप २४ वैशाख २०४९ मा नेपाली काँग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यको अध्यक्षतामा 'राष्ट्रिय सञ्चार नीति मस्यौदा कार्यदल' गठन गरी त्यसै मस्यौदाको आधारमा नयाँ सञ्चार नीति बन्यो (आचार्य २०५६क)। २५ फागुन २०५० मा पुनः नेपाली काँग्रेसका नरहरि आचार्यकै अध्यक्षतामा रेडियो नेपालबाट राष्ट्रिय भाषाहरूमा समाचार प्रसारण गर्नेसम्बन्धी सुझाउ दिन एक समिति गठन भएको थियो। उक्त समितिले २५ वैशाख २०५१ मा आफ्नो सुझाउ प्रतिवेदन प्रस्तुत गऱ्यो (आचार्य २०५१, २०५६ख)। यसमा कुल नेपाली जनसङ्ख्याको कम्तीमा एक प्रतिशतले बोल्ने राष्ट्रिय भाषाहरूमा रेडियो नेपालबाट समाचार प्रसारण गर्ने उल्लेख थियो। तदनुसार १ भदौ २०५१ देखि विभिन्न आठओटा राष्ट्रिय भाषामा रेडियो नेपालबाट समाचार प्रसारण गर्न थालियो।

एक हिसाबले नेपाली काँग्रेसले गरेको २०४८ को रेडियो नेपालसम्बन्धी अधिकांश चुनावी प्रतिबद्धताहरू पूरा भएको देखिन्छ। यसबाहेक उक्त पार्टीको अन्य दुई घोषणापत्र (नेपाली काँग्रेस २०५१, २०५६) मा भने २०४८ सालमा जस्तो ठोस प्रतिबद्धता आएको पाइन्न।

रेडियो नेपालको सवालमा नेपाल कम्यूनिष्ट पार्टी (एमाले) का तीनओटै आमनिर्वाचनमा प्रकाशित घोषणापत्रहरू पल्टाउँदा पनि उत्साहजनक तथ्य

देखिन्न । २०४८ र २०५१ सालको चुनावी घोषणापत्रमा यस पार्टीले रेडियो नेपालमात्र होइन समग्र प्रसारण क्षेत्रबारे समेत स्पष्ट नीतिको घोषणा गरेको थिएन । सञ्चारका अन्य क्षेत्रहरू जस्तै छापा, हुलाक, दूरसञ्चार आदिमा नै सञ्चारसम्बन्धी नीति केन्द्रित रहेका पाइन्छन् (एमाले २०४८, २०५१) । सार्वजनिक सञ्चारमाध्यमलाई स्वायत्त बनाउने, प्रतिस्पर्धात्मक वातावरण निर्माण गर्ने, तथा निजीकरणलगायत सम्भव सबै विकल्प खुल्ला राख्ने, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी गराउनका लागि तदनुकूल प्रसारण नीति बनाउने भन्नेजस्ता कुराहरू एमालेको २०४८ र २०५१ सालको घोषणापत्रमा उल्लेख छ । जुनकुराले रेडियो नेपाललाई पनि समेट्छ भन्ने अर्थ लगाउन सकिए पनि त्यति स्पष्ट भने छैन । २०५१ सालको मध्यावधि निर्वाचनमार्फत अल्पमतको सरकार बनेपछि एमालेले रेडियो नेपालको सुधारका लागि सुझाव दिन पार्टीका शङ्कर पोखरेलको अध्यक्षतामा एक सुझाव समिति गठन गरेको थियो । उक्त समितिले रेडियो नेपालभित्र र बाहिरबाट प्राप्त गरेका सुझाव र समिति आफैले गरेको अध्ययन तथा मूल्याङ्कनका आधारमा रेडियो नेपालको विकास र विस्तारका लागि विभिन्न कार्यहरू गर्नुपर्ने ठहर गरेको थियो । प्रस्तावित कार्यहरूलाई नीतिगत र संरचनागत परिवर्तन, समाचार महाशाखा, कार्यक्रम महाशाखा, इन्जिनियरिङ महाशाखा, गीत सङ्गीत महाशाखा, प्रशासन महाशाखा, विज्ञापन शाखा, क्षेत्रीय प्रसारण र विविध गरी नौओटा विषयगत बुँदाहरूमा विभाजन गरी ती क्षेत्र वा विषयमा गर्नुपर्ने सुधारकार्यहरूको फेहरिस्त प्रस्तुत गरिएको थियो । रेडियो नेपालको सङ्गठनात्मक ढाँचामा पुनर्विचार गर्नुपर्नेदेखि लिएर कुन कुन कार्यक्रममा के कस्ता सुधार गर्नुपर्छ भन्नेसम्मका कुराहरू समेटिएको थियो ।[६] सानातिना सुझावहरू समयक्रमसँगै कार्यान्वयन हुँदै नभएका होइनन् तर सङ्गठनात्मक परिवर्तन, प्रशासनिक संरचनामा सुधार जस्ता धेरै कुराहरू भने कार्यान्वयन हुन सकेको पाइन्न । शायद एमाले लामो समय सत्तामा बस्न नपाएको तथा अन्य पार्टीका सरकारहरूले चासो नलिएका कारण उक्त सुझाव प्रतिवेदनमा समेटिएका धेरै कुराहरू कार्यान्वयन हुन सकेनन् । २०५६ सालको आम निर्वाचनका बेला एमालेले तर्जुमा गरेको घोषणापत्रमा रेडियोप्रसारणलाई आधुनिक प्रविधियुक्त तुल्याई प्रसारण क्षमतामा वृद्धि गरिने कुराबाहेक अन्य उल्लेख छैन (एमाले २०५६) ।

पार्टीका घोषणा पत्र तथा पार्टी भित्रबाटै गठित विभिन्न समितिहरूद्वारा दिइएका सुझावहरूको उचित कार्यान्वयन हुन नसक्नुमा सरकारको परिवर्तन

[६] २०५२ मा शङ्कर पोखरेलको अध्यक्षतामा गठित सुझाव समितिले दिएका सुझावहरूका आधारमा ।

एक कारण भए पनि यही मात्र भने होइन । कार्यान्वयनमा प्रमुख हात विभागीय मन्त्रीको हुने हुँदा उसले नचाहँदा कार्यान्वयनमा समस्या पर्छ । नेपाली काँग्रेसका नरहरि आचार्य सञ्चार मन्त्रीको व्यक्तिगत स्वार्थमा बाधा पर्ने भएमा पार्टी भित्रैबाट निर्धारित नीति, कार्यक्रम र सुझाव समेतलाई पनि मन्त्री बनेपछि लत्याउने प्रवृत्तिका कारण तिनको कार्यान्वयनमा गम्भीर समस्या हुने गरेको बताउँछन् । एमालेका शङ्कर पोखरेल भने जो सत्तामा आएपनि उसैलाई रिझाई आफ्नो दुनो सोझ्याउन पल्केको रेडियो नेपालको कर्मचारीतन्त्रका कारण राम्रो र प्रभावकारी नीति, कार्यक्रम र सुझावहरू कार्यान्वयन हुन र निरन्तरता पाउन नसक्ने बताउँछन् ।[७] यसरी समग्रमा हेर्दा सत्तासिन पार्टीका घोषणापत्रहरूमा रेडियो नेपालले पर्याप्त स्थान पाउन सकेको छैन भने कार्यान्वयनको तहमा पनि समस्या रहने गरेको छ ।

## निष्कर्ष

नेपालमा ऐन, कानुन, नीति र योजनाहरू पर्याप्त छन् । तर तिनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु प्रमुख समस्या रहिआएको छ । योजना र नीतिहरू प्रायः कागजमै सीमित रहन्छन् । रेडियो प्रसारणको सवालमा त कागजी रूपमा नै पनि पर्याप्त नीति नियम तथा कानुन बनेका छैनन् । सरकारी योजनामा रेडियो प्रसारणले उस्तो ठाउँ पाएको छैन । बरु निजी क्षेत्रलाई रेडियो प्रसारण खुला गरेपछि यसले धेरै फड्को मार्ने अवसर पाएको छ । विगतको पञ्चवर्षीय योजनाको समीक्षा गर्दा पनि रेडियो प्रसारणको सवालमा लिइएको लक्ष्य र विनियोजित रकम निकै न्यून देखिन्छ । त्यसमा पनि प्रायः सबै योजनामा भौतिक पूर्वाधारलाई नै बढी जोड दिइएको छ । जनशक्ति विकास तथा प्रसारित कार्यक्रमको गुणस्तर सुधार गर्ने दिशामा त्यति ध्यान पुग्न सकेको पाइँदैन । रेडियो नेपालमा बज्ने अधिकांश शिक्षामूलक कार्यक्रमहरू रेडियो नेपालको आफैले नभई बाहिरी संघसंस्थाले उत्पादन गर्ने गरेका छन् । र तिनैले रेडियो नेपालको साख बचाइदिएको देखिन्छ । चाहिनेभन्दा बढी जनशक्ति पालेर बसेको रेडियो नेपाल आफैले उत्पादन गरेका कार्यक्रम भने उति स्तरीय नहुनु, थोरै हुनु र त्यसमाथि पनि घट्दै जानु उदेकको कुरो हो (हेर्नुहोस् अध्याय ६) । २०५४ साल (मङ र घिमिरे सन् १९९७) पछि त्यस्तो बृहत् सर्वेक्षण नहुनाले (हेर्नुहोस् अध्याय २२) पछिल्ला दिनमा रेडियो

[७] २४ असार २०६१ मा 'सरकारी मिडियाबारे पार्टीहरूको धारणा' विषयक मार्टिन चौतारीको छलफलमा आचार्य र पोखरेलद्वारा व्यक्त विचार ।

नेपालका श्रोताहरू बढे वा घटेकोबारे स्पष्ट भन्न त सकिन्न तर त्यसपछि देशका विभिन्न भागमा एफएम रेडियोहरू खुल्ने क्रम र तिनको प्रभाव बढ्दैजाँदा नियमित रेडियो नेपाल सुन्ने श्रोताहरू घटेका छैनन् भन्न सकिन्न । यसो हुँदा रेडियो नेपालको विज्ञापन बजार पनि स्वतः विभाजन हुने नै भयो । फलस्वरूप रेडियो नेपालको आर्थिक स्रोतमा धक्का पुगेको देखिन्छ (हेर्नुहोस् अध्याय ५) ।

यी सबै निराशाजनक तस्बिर पछाडिको प्रमुख कारण रेडियो नेपालसम्बन्धमा स्पष्ट सरकारी नीति र बनेका नीति, कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अभाव हो । स्वायत्त संस्थाको रूपमा २०४१ देखि मान्यता दिएपनि कर्मचारी नियुक्ति तथा व्यवस्थापन आदिमा व्यवहारिक रूपले सरकारी नियन्त्रण र हस्तक्षेप कायमै छ । २०४६ सालको प्रजातन्त्र प्राप्तिपश्चात् सबै जातजाति, भाषाभाषी, धर्म संस्कृतिप्रति उदार रहने, समाचार प्रसारणमा पदलाई भन्दा विषयवस्तुलाई महत्त्व दिने, आदि जस्ता नीति तर्जुमा गरेपनि सङ्कुचित मानसिकता त्याग्न नसक्नु तथा उही पुरानो पञ्चायती संस्कारबाट मुक्त हुन नसक्नु आदि कुराले स्पष्ट नीति र कार्यान्वयनको अभावलाई पुष्टि गर्छ । यसर्थ रेडियो नेपाललाई आजको प्रतिस्पर्धात्मक युगमा यसको अस्तित्त्व रक्षा गर्दै अगाडि बढाउने हो भने अझ स्पष्ट नीति र कार्यक्रमको तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ । सरकारले स्वायत्त भन्ने शब्दलाई कागजमा मात्र सीमित गराउने र व्यवहारमा चाहिँ अनावश्यक नियन्त्रण र हस्तक्षेप कायम राख्ने परम्पराको चाँडै अन्त हुनु पर्दछ । उता रेडियो नेपाल व्यवस्थापनले पनि सत्ता र शक्ति रिझाउनपट्टि नलागी बनेका ऐन, नीति र नियमको पूर्ण रूपमा पालन गर्ने परम्परा बसाल्नु पर्दछ ।